## मोदी गाउँपालिका गाउँ कार्यपालिका बैठकको उपस्थिति एवं निर्णयहरु

बैठक संख्या-१

मिति :- २०८३/०१/३१ गते

आज मिति २०८३ साल वैशाख ३१ गते बिहिवारको दिन मोदी गाउँपालिकाका अध्यक्ष श्री हिरादेवी शर्मा ज्यूको अध्यक्षतामा देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसेको गाउँ कार्यपालिकाको बैठकमा निम्नानुसारको निर्णय गरियो ।

उपस्थिती :

| सि.नं. | नाम थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री हिरा देवी शर्मा | अध्यक्ष | | |
| २ | श्री बिमल लामिछाने | उपाध्यक्ष | – | |
| ३ | श्री बाबुराम पुरी<br>प्रमुख प्रशासकीय अधिकृत | सचिव | | |
| ४ | श्री टेक बहादुर गुरुङ्ग | सदस्य | | |
| ५ | श्री बेल बहादुर कार्की क्षेत्री | सदस्य | | |
| ६ | श्री देवेन्द्र बहादुर क्षेत्री | सदस्य | | |
| ७ | श्री मोहनसिङ चोचाङ्गी पुन | सदस्य | – | |
| ८ | श्री मान बहादुर अधिकारी | सदस्य | | |
| ९ | श्री दिपेन्द्र लामीछाने | सदस्य | | |
| १० | श्री दुर्गा प्रसाद शर्मा | सदस्य | | |
| ११ | श्री सुक बहादुर गुरुङ्ग | सदस्य | – | |
| १२ | श्री लक्ष्मी वि.क | सदस्य | | |
| १३ | श्री शान्ता आले | सदस्य | | |
| १४ | श्री कृष्ण कुमारी मल्ल | सदस्य | | |
| १५ | श्री सन्तोषी वि.क | सदस्य | – | |
| १६ | श्री रिता सुनार विश्वकर्मा | सदस्य | | |
| १७ | श्री डिलमाया नेपाली | सदस्य | | |

अन्य उपस्थिति:

(१) तेजुराम सुनार, लेखा अधिकृत

(२) धिरेन्द्र के.सी., प्रशासकीय अधिकृत

# मोदी गाउँपालिका गाउँ कार्यपालिका

## बैठक मिति २०८३/०१/३१ गतेको निर्णय

मोदी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पातीचौर, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

बैठक संख्या १२

निर्णय नं १

मुख्यमन्त्री नवपर्वतन साझेदारी कार्यक्रम अन्तर्गत गण्डकी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय तथा मोदी गाउँपालिकाको लागत साझेदारीमा कार्यान्वयनमा रहेको डिजिटल स्मार्ट कृषी प्रणाली विकास परियोजना अन्तर्गत सुन्तला कफी अलैची खेतीको क्षेत्र विस्तारको लागी गाउँकार्यपालिकाको कार्यालयबाट छनौट भएका कृषक कृषी फर्म कृषी समुह एवं सहकारीहरुको लाभग्राही सुचीलाई अनुमोदन गर्ने ।

निर्णय नं २

गण्डकी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र मोदी गाउँपालिकाको लागत साझेदारीमा सञ्चालित मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयनमा रहेको डिजिटल स्मार्ट कृषी प्रणाली विकास परियोजना अन्तर्गत संचालन हुने क्रियाकलापहरुको लागी आर्थिक विकास समिति तथा गाउँकार्यपालिकाको कार्यालयबाट छनौट भएका लाभग्राहीहरुको सुचीलाई अनुमोदन गर्ने ।

निर्णय नं ३

आ व २०८१।०८२ मा संघिय समपुरक योजना अन्तर्गत ठेक्का आव्हान भई मिति २०८२/०९/१९ सम्म म्याद कायम रहेको कु.न.पा. ११ गँगटे- गोतामेथर- राँपु- आर्थर हुँदै स्याङ्जा जोड्ने सडक योजनाको बाँकी निर्माण कार्य सम्पन्न गर्न गाउँकार्यपालिकाको कार्यालयबाट मिति २०८३ जेठ मसान्त सम्म भएको म्याद थपको निर्णयलाई अनुमोदन गर्ने तथा चालु आ व २०८२।०८३ मा सोही योजनाको लागी विनियोजित बजेटबाट गत आ.व. २०८१।०८२ को लागी स्वीकृत चेनेज भन्दा फरक चेनेजमा निर्माण कार्य शुरु गर्नेगरी नयाँ ठेक्का आव्हान गर्ने र उक्त ठेक्काबाट कम कबोल भएको रकम एवं कन्टिन्जेन्सी वापतको रकमबाट निर्माण कम्पनीलाई गत आ व को बाँकी निर्माण कार्यको रनिङ बिल एवं अन्तिम बिल भुक्तानी गर्ने ।

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष

**निर्णय नं ४**

मोदी गाउँपालिकाबाट गत आ व २०८१।०८२ मा सञ्चालित गरिवी निवारणका लागि लघु उद्यम कार्यक्रम अन्तर्गत प्रविधि हस्तान्तरणको लागी खरिद गरिएका सामग्रीहरुको भुक्तानीको लागी बजेट स्रोत अभाव भई भुक्तानी बाँकी रहेको रु ६४५५८- (अक्षरेपी रु चौसठ्ठी हजार पाँच सय अन्ठाउन्न मात्र) आवश्यक कागजात एवं कार्यविधि पुरा गरी चालु आ.व. २०८२।०८३ को लागी विनियोजित अन्य कार्यालय संचालन खर्च (२२३११) शिर्षकबाट सम्बन्धित पक्षलाई भुक्तानी दिने।

**निर्णय नं ५**

दृष्टि सम्बन्धी अपांगता भएका व्यक्तिहरुको सशक्तीकरण सवलीकरण र पुर्नस्थापनाको लागी संस्थागत क्षमता अभिबृद्धिको लागी पर्वत नेत्रहिन संघबाट पेश भएको प्रस्तावना बमोजिम चालु आ.व. २०८२।०८३ को लागी विविध कार्यक्रम खर्च शिर्षकमा विनियोजित बजेटबाट खर्च लेख्ने गरी प्रचलित खर्चको मापदण्ड बमोजिम खर्च गरी सोको बिल भर्पाई लगायतका कागजातहरु पेश गर्नेगरी पर्वत नेत्रहिन संघलाई रु ३००००।-(अक्षरेपी रु. तीस हजार मात्र) प्रदान गर्ने ।

**निर्णय नं ६**

मोदीकाली ब्याडमिन्टन संघ तथा जिल्ला खेलकुद विकास समिति पर्वतको समन्वयमा मिति २०८२ चैत्र १२ गतेदेखि ऐ १४ गतेसम्म संचालन भएको ब्याडमिन्टन प्रतियोगिताको संचालन वापत वडा कार्यालयको लागी युवा तथा खेलकुद विकास कार्यक्रम शिर्षकमा विनियोजित बजेटबाट मोदीकाली ब्याडमिन्टन संघलाई रु २००००।- (अक्षरेपी रु विस हजार मात्र) आर्थिक सहयोग प्रदान गर्ने मोदी गाउँपालिका ८ नं वडा कार्यालयको निर्णयलाई अनुमोदन गर्ने ।

**निर्णय नं ७**

मोदी गाउँपालिकाको वडा नं १, २ र ३ नं वडा जोड्ने पातिचौर- देउपुर- देउराली- भुक- देउराली जोड्ने सडक खण्डमा पर्ने नालाहरु तथा पहिरो एवं अवरोधहरु हटाउन तथा सुनचाप स्थित पहिरोको व्यवस्थापन गर्न विपद व्यवस्थापन कोषबाट खर्च व्यहोर्ने गरी रु पाँचलाख स्रोत सुनिश्चित गर्ने ।

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष

CamScanner

निर्णय नं ८

मोदी गाउँपालिका वडा नं ५ कालीमाटी स्थित कालीमाटी टोलमा सडक बत्ती जडान गर्ने कार्यको लागी समुदाय सँगको साझेदारीमा विघुतीकरणको लागी चालु आ.व. २०८२।०८३ को लागी टोल सुधार समिति, समुदायिक संघ संस्था सँगको साझेदारीमा कार्यक्रम संचालन खर्च शिर्षकबाट प्राविधिक लागत अनुमान बमोजिमको कुल लागतको पचास प्रतिशत साझेदारी वापत हुन आउने रकम रु. १,३२,०००।– (अक्षरेपी रु एकलाख बत्तिस हजार मात्र) टोल सुधार समिति, समुदायिक संघ संस्था सँगको साझेदारीमा पुर्वाधार निर्माण तथा विविध कार्यक्रम संचालन खर्च शिर्षकबाट खर्च गर्ने गरी स्रोत सहमति प्रदान गर्ने ।

निर्णय नं ९

मोदी गाउँपालिका भित्रका ग्रामिण तथा शहरी क्षेत्रमा जोखिमका रुपमा विघुत प्रसारण लाईन नजिक एवं विद्यालय क्षेत्र नजिक जोखिमको रुपमा रहेका रुखहरु कटान गर्न डिभिजन वन कार्यालय पर्वतलाई अनुरोध गर्ने तथा जंगल क्षेत्र एवं मानव बस्ती नजिक रहेका विघुत प्रसारण लाईनमा नाङ्गो तारलाई विस्थापन गरी ईन्सुलेटेड तार प्रयोग गर्न नेपाल विद्युत प्राधिकरण विघुत वितरण केन्द्र पर्वतलाई लेखि पठाउने ।

निर्णय नं १०

नेपाल सरकारको सरकारी सार्वजनिक जग्गा अतिक्रमण तथा अतिक्रमित जग्गामा बनेका भौतिक संरचनाहरु हटाउने नीति अनुरुप मोदी गाउँपालिका भित्र अतिक्रमणमा परेका सरकारी तथा सार्वजनिक जग्गाहरुको विवरण संकलन गर्ने तथा सार्वजनिक एवं सरकरी जग्गा अतिक्रमण गरी बनाईएका संरचनाहरु हटाउन प्रचलित कानुन बमोजिम सार्वजनिक सुचना आव्हान गर्ने र उक्त अवधीभित्र समेत अतिक्रमित संरचनाहरु नहटाएमा जिल्ला प्रशासन कार्यालय सँग समन्वय गरी सरकारी सार्वजनिक जग्गामा बनेका संरचनाहरु हटाउने र विस्थापित वास्तविक सुकुम्वासी घरपरिवारलाई हाल प्रयोगविहिन अवस्थामा रहेका सरकारी/सामुदायिक संरचनाहरु वा विद्यार्थी संख्या शुन्य रहेका विद्यालयका भवनहरुमा अल्पकालिन व्यवस्थापन गर्ने ।

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष

## निर्णय नं ११

मोदी गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुबाट २०८२ सालको एसईई परिक्षामा सहभागी भई नन ग्रेडेड भएका विद्यार्थीहरुको लागि नवजागृत क्याम्पसमा ग्रेड वृद्धी तयारी कक्षा संचालनको लागि चालु आ.व २०८२/०८३ को लागि बार्षिक परिक्षा अनुदान तथा उपलब्धी मापन परिक्षा संचालन (खर्च शिर्षक नं.२२५२२) बाट रु २०००००।- (अक्षरेपी रु दुई लाख मात्र)स्रोत सुनिश्चित गर्ने ।

## निर्णय नं १२

आ.व ०८२/०८३ मा शिक्षा ससर्त अनुदान तर्फ विनियोजन शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रमको लागि तपसिल बमोजिमका विद्यालयहरुलाई छनोट गर्ने ।

| क.स | विद्यालयको नाम | ठेगना | अनुदान रकम रु | कैफियत |
|---|---|---|---|---|
| १. | हिमालय मा.वि | मोदी, ३ | रु १० लाख | विज्ञान प्रयोगशाला |
| २. | नवज्योती थम मा.वि | मोदी, १ | रु १० लाख | ई-पुस्तकालय |

## निर्णय नं १३

मोदी गाउँपालिकाको प्रशासकीय भवनको निर्माण सम्पन्न भई प्राविधिकबाट तयार अन्तिम विल बापतको भुक्तानीको लागी गाउँकार्यपालिकाको कार्यालयको मिति २०८०।०८।०७ को निर्णय अनुसार २०८१।०३।२१ मा रु. ५००००००।– (अक्षरेपी रु. पचास लाख मात्र) भुक्तानी भई बाँकी रकम १५ औं गाउँसभाको निर्णय नं. ६ अनुसार भुक्तानी गर्न बाँकी रहेकोमा त्रिभुवन विश्वविद्यालय ईन्जिनियरिङ अध्यन संस्थान पुल्चोकबाट गरिएको भवनको Technical Evaluation And Final Cost Assessment प्रतिवेदन बमोजिम कम मुल्यांकन भएको भ्याट तथा पिएस बाहेकको रकम रु ११२६३१७।– (अक्षरेपी रु एघार लाख छब्बिस हजार तीन सय सत्र मात्र) तथा महालेखा परिक्षकको कार्यालयबाट भएको आ.व. २०८०।०८१ को अन्तिम लेखापरिक्षण प्रतिवेदन बमोजिम सम्बन्धित निर्माण कम्पनीबाट असुल उपर गर्नुपर्ने भनी वेरुजु कायम रहेको रु १९८९०२।– (अक्षरेपी रु एक लाख अन्टानब्बे हजार नौ सय दुई मात्र) कट्टी गरी निर्माण कम्पनी फेवा कन्स्ट्रक्सन प्रा.ली. लाई भुक्तानी गरिएको रकम रु ३५०६६५६।– (अक्षरेपी रु पैंतिस लाख छ हजार छ सय छपन्न मात्र) को खर्च अनुमोदन गर्ने ।

हिरादेवी शर्मा
अध्यक्ष

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

निर्णय नं १४

विपदका घटना तथा अन्य विभिन्न प्रकोपजन्य घटनाबाट प्रभावित देहाय नागरिहरुलाई देहाय बमोजिम आर्थिक सहायता प्रदान गर्ने ।

| क्र सं | लाभग्राहीको नामथर | ठेगाना | आर्थिक सहायता रकम रु | घटनाको प्रकृती |
|---|---|---|---|---|
| १ | श्री शुक बहादुर शाक्य | मीदी २ | रु ३००००।- | वेसाहारा अपांग व्यकि रहेको र निजको घर भत्किएको हुँदा घरको पुर्निर्माण गर्नुपर्ने । |
| २ | श्री तेज बहादुर सुनार | मोदी ८ | रु १५०००।- | आर्थिक रुपले विपन्न र छोराको उपचार गर्न असमर्थ रहेको । |
| ३ | श्री प्रविन बि क | मोदी ७ | १००००।- | मोटरसाईकल दुर्घटनाबाट घाईते भई उपचाररत रहेको र आर्थिक अवस्था कमजोर रहेको । |
| ४ | श्री लालमती वि क | मोदी ७ | रु १००००।- | जिविकोपार्जनको लागी पालेको भैसी मरेको र आर्थिक अवस्था कमजोर रहेको। |
| ५ | श्री कृष्ण बहादुर क्षेत्री | मोदी ५ | रु ५०००।- | चटयाङको कारण बाखा मरेको । |
| ६ | श्री पुतली दमाई | मोदी ५ | रु १००००।- | पहिरोको कारण घर जोखिममा परेको |
| ७ | श्री सावित्री दर्जी | मोदी ३ | रु १००००।- | जिविकोपार्जनको लागी पालेको भैंसीको मृत्यु भएको |
| ८ | श्री विवे दमाई | मोदी ३ | रु १००००।- | घर पहिरोको जोखिममा परेको । |
| | विम बहादुर नेपाली | मोदी ६ | रु ३००००।- | आर्थिक रुपले विपन्न र प्यारालाईसिस भई उपचाररत रहेको । |
| ९ | चित्रकला सुवेदी | मोदी ५ | रु १०००० | उपचारको क्रममा दुहुने भैसी मरेको । |
| | कुल जम्मा | | रु १४००००।- | |

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष

CamScanner

निर्णय नं १५

मिति २०८३ बैसाख २९ गते अर्घाखाँची जिल्लाको सुपादेउराली मन्दिर दर्शन गरी फर्किने क्रममा भएको सवारी दुर्घटनामा परि ज्यान गुमाउने व्यक्तिहरु प्रति हार्दिक श्रद्धान्जली तथा शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्ने ।मोदी गाउँपालिका स्थायी ठेगाना भएका र दुर्घटनामा परि ज्यान गुमाउने मृतकका परिवारलाई प्रतिब्यक्ति रु ५००००।–(अक्षरेपी रु पचास हजार मात्र) को दरले एवं दुर्घटनामा परि घाईते भएका र विभिन्न अस्पतालहरुमा उपचाररत व्यक्तिहरुलाई प्रतिव्यक्ति रु ३००००- (अक्षरेपी रु तीस हजार) का दरले आर्थिक सहायता प्रदान गर्ने।

निर्णय नं १६

मिति २०८३ बैसाख २९ गते अर्घाखाँची जिल्लाको सुपादेउराली मन्दिर दर्शन गरी फर्किने क्रममा भएको सवारी दुर्घटनामा परि घाईते भई उपचाररत रहनुभएका मोदी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा सिनियर सव ईन्जिनियर पदमा कार्यरत दिपा सुवेदी,हेल्थ असिस्टेन सन्तोष एसी र कार्यालय सहयोगी हरिमाया कुँवरलाई थप उपचारको लागी कर्मचारी कल्याण कोषबाट जनही रु पचास हजारका दरले आर्थिक सहायता प्रदान गर्ने ।

निर्णय नं १७

गाउँपालिका भित्रका सामुदायिक विद्यालयमा अध्यापनरत ईसिडी शिक्षिकाहरु मध्ये सेवा निरन्तरता सम्बन्धी गाउँकार्यपालिकाको विभिन्न मितिमा भएको निर्णयहरु बमोजिम सेवारत ईसिडी शिक्षिकाहरुको चालु शैक्षिक सत्रको पारिश्रमिक वापतको बाँकी रकम भुक्तानी दिने ।

निर्णय नं १८

मोदी गाउँपालिका क्षेत्रभित्र निर्माण सम्पन्न भएका भौतिक पूर्वाधारहरु तथा धार्मिक सांस्कृतिक ऐतिहासिक पुरातात्विक महत्वका सम्पदाहरुको मर्मत सम्भार तथा संरक्षण गर्न आवश्यक साधन स्रोतको दिगो व्यवस्थापनको लागि गाउँपालिका क्षेत्रभित्र कार्यान्वयन हुने संघिय तथा प्रदेश सरकारबाट हस्तान्तरण हुने योजना कार्यक्रमहरु एवं गाउँपालिकाको आन्तरिक बजेटबाट कार्यान्यनवन हुने योजना तथा कार्यक्रमको कन्टिन्जेन्सी वापतको तीन प्रतिशतले हुन आउने रकम कट्टी गरी मोदी गाउँपालिकाको सडक तथा भौतिक संरचना मर्मत सम्भार सम्बन्धी कार्यविधि २०८१ को दफा (१९) मा भएको व्यवस्था बमोजिम स्थापना हुने मर्मत कोषमा जम्मा गर्ने ।

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष

CamScanner